सिगास गाँउपालिका

गाउँकार्यपालिकाको कार्यालय गर्जे.बैतडी

यस सिगास गाउँपालिकाका अध्यक्ष श्री हरि सिंह धामीज्यूले मिति २०८२ बैशाख १९ गतेका दिन गाउँसभाको १७ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको पूर्णपाठ!!

गाउँ सभा सदस्यज्यूहरु,

सिगास गाउँपालिकाको गाउँ सभाको १७औं अधिवेशनमा सभा अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित छु।

यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा,सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं मुलुकको सर्वाङ्गीण विकास,समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति,सशस्त्र सङ्घर्ष एवं आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

वर्तमान स्थानीय सरकार पालिकाको समग्र विकास र समृद्धिको लागि अहोरात्र खटिदै आएको व्यहोरा सर्वविदितै छ। स्थानीय सरकारको स्थापना भन्दा पहिला विकासको दृष्टिले उपेक्षित यो पालिका विस्तारै पूर्वाधार,सडक,विद्युत,खानेपानी,शिक्षा,स्वास्थ्य,कृषि तथा पशु,विपद् व्यवस्थापन,लक्षित वर्ग,रोजगारी लगायत मानव संशाधनको क्षेत्रमा क्रमशः छलांग मार्दैछ। सीमित स्रोत साधन र विकासको तीव्र भोकका बीच तादात्म्यता मिलाएर अघिबढ्नु,आन्तरिक आयका क्षेत्र पहिचान गर्दै पूर्णरुपमा आत्मनिर्भर भइ पालिकाका समग्र क्षेत्रको समयानुकूल,दिगो,आधुनिक एवं वैज्ञानिक विकास यस पालिकाको मूख्य चुनौती हो। तथापि उपलब्ध सीमित स्रोत साधनको उचित एवं अधिकतम परिचालनद्वारा स्थानीय सरकारको आफ्ना श्रेष्ठ लक्ष्यहरु प्राप्तिका निमित्त अविराम मिहेनत जारी छ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म आ.व.२०८१/०८२ मा यस पालिकाले तय गरेका लक्ष्यहरुको प्रगति विवरण प्रस्तुत गर्न गैरहेको छु।**

सदा वर्षझैं यो आर्थिक वर्षको पहिलो चौमासिक अवधि निरन्तर वर्षातको कारण सोचेझैं कार्यको थालनी गर्न नसकेकोमा अत्यन्तै दुःख लागेको छ। तथापि त्यसपछिका महिनामा वार्षिक नीति एवं लक्ष्य अनुरुपनै कार्यले तीव्रता लिइ अधिकांश कार्य सम्पन्न भैसकेका छन् र बाँकी योजना तथा कार्यक्रम पनि

CamScanner

सम्पन्नउन्मुख छन्। अब म चालु आर्थिक वर्षको संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्न गैरहेको छुः

- आ.व.२०८१/०८२ को अनुमानित आन्तरिक राजस्व मध्ये हाल सम्म रु.१७,७४,८०५.५२ संकलन भएको छ।
- संघ सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण अनुदान मध्ये रु.६,२९,०५,८००;राजस्व बाँडफाँट रु.७,११,७४,७२२.३२;सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण मध्ये रु.५७,१०,५००र सवारी साधन कर बापत रु.१४,०६,९६१.४२रकम प्राप्त भइसकेको छ।
- महालेखा परीक्षकको कार्यालयले औंल्याएको बेरुजुमध्ये लगभग ६ करोड अनियमित बेरुजु सम्परीक्षणका लागि पेस गर्ने अन्तिम चरणमा छ।
- संघ सरकार र सुदूरपश्चिम प्रदेशसरकारद्वारा उपलब्ध समपुरक,सशर्त र विशेषअनुदानबाट सञ्चालित अधिकांश सडकहरुको कार्यप्रगती सन्तोषजन छ भने विद्यालय भवन लगायत अन्य कार्यक्रमहरु अन्तिम चरणमा छन्।
- त्रिपक्षीय सम्झौता भइ नजिकको राजमार्गबाट पालिकाको केन्द्रसम्म जोडिने श्रीभावर-दोगाड-लेक-गर्जे सडकको DPR,EIA तयार गर्ने कार्य अन्तिम चरणमा छ,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय द्वारा रकम विनियोजित कुर्चिनेटा-गर्जे जडीबुटी पहुँचमार्गको DPR तयार भै सकेको साथै IEE निर्माणको चरणमा रहेको र सो सडकको निर्माण कार्य तीव्रगतिमा बढीरहेको साथै पालिका अन्तर्गत अन्य सडकको निर्माण र स्तरोन्तीको कार्य पनि तीव्रगतिमा अगाडि बढी नै रहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहान्छु।
- विद्युत प्राधिकरण कार्यालय बैतडी संगको समन्वयमा वडा नं ०१,०२ र ०३ का केही टोलहरुमा निरन्तर विद्युत प्रवाह भइ रहेको छ भने बाँकी स्थानहरुमा पनि विद्युतीकरण भै रहेको छ। साना लजवि अन्तर्गत ०९ नं वडामा विद्युतीकरण भै करेन्ट प्रवाह भइ रहेको छ भने ०६ नं वडामा लजवि निर्माणको कार्य सम्पन्न भइ सकेको छ।
- सिगास मन्दिर,कालपोखरी मन्दिर र देउलेक मन्दिरको निर्माण कार्य सुरुभैसकेको साथै पालिका अन्तर्गतका अन्य मन्दिर,देउघर,सत्संग,धर्मशाला निर्माणका कार्य अन्तिम चरणमा छन्।

CamScanner

- उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरियो।
- पालिका स्तरीय एवं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा यस पालिकाका विद्यार्थी भाईबहिनीहरुको उत्साहजनक सहभागिता रही उत्कृष्ट नतिजाले यस पालिकाको गौरव अझै चुलिएको महसुस गरेको छु। विद्यार्थीहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनका विभिन्न कार्यकलाप जस्तै आ.वि. र मा.वि. स्तरीय चित्रकला,वक्तृत्वकला प्रतियोगिता,वादविवाद प्रतियोगिता र हाजिरजवाफ प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न गरियो।
- यस पालिका अन्तर्गत विभिन्न सिँचाइ,कुलो,बाटो,घोरेटो,RCC पुल,विद्यालय भवन,कार्यालय भवन,गाउँघर क्लिनिक,बर्थिङ सेन्टर,खेलमैदान,खानेपानी योजना,घट्ट,मिल तथा मूल संरक्षणका कार्यहरु अन्तिम चरणमा रहेका छन्।
- स्वास्थ्य सेवा अन्तर्गत यो वर्ष १६,०००जनाले स्वास्थ्य उपचार लिए,३८४ जना गर्भवती महिलाले नियमित स्वास्थ्य परामर्श सेवा लिएको,२७२महिलाले स्वास्थ्य संस्थामा बच्चा जन्माए भने ३७९ जनाले पूर्ण खोप प्राप्त गरे साथै विभिन्न जिल्ला स्वास्थ्य चौकी संगको समन्वयमा गाँजरीमा स्वास्थ्य शिविर सञ्चालन,ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम,क्षयरोग खोजपडताल कार्यक्रम,पूर्णखोप दिगोपना घरधुरी सर्वेक्षण कार्यक्रम सँगै प्रजनन स्वास्थ्य शिविर लगायतका कार्यक्रम सम्पन्न गरिए।
- १०० जना कृषकले प्रत्यक्ष रुपमा नगद कृषि अनुदान,८२ जना कृषकले उखु खेती अनुदान,१० वटा फर्मले कृषि तथा सिँचाइ सहकार्य अनुदान र करिब ३०० जना पशुव्यवसायीहरुले गाउँपालिका र वडा कार्यालयबाट पशु औषधी प्राप्त गरेका।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३८१०जना बेरोजगार सूचीकृत भइ ४४ जना युवाले रोजगार प्राप्त गरेका,४० जना युवाले कार्यस्थलमा आधारित इलेक्ट्रिसियन तथा सिकर्मी सीप विकास तालिम लिएका,९० जना महिलाले सिलाई कटाईको तालिम लिइरहेका र १००जना उद्यमीहरु निकट भविष्यमा चिउरी प्रशोधन,साबुन तथा धुप निर्माण तालिमबाट लाभान्वित भइ जिविकोपार्जनमा सहयोग हुने आशा लिएको छु।

CamScanner

- लक्षित वर्ग अन्तर्गतका कार्यक्रममा ४० जना विधवा महिलालाई बाख्रा वितरण गरियो,१५० जना ज्येष्ठ नागरिकलाई कम्बल वितरण गरि सम्मान गरियो,प्रत्येक वडा कार्यालयको केन्द्रमा अन्तर्राष्ट्रिय नारी दिवस भव्यताका साथ मनाइयो,राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत २५जनालाई सीप तथा तालिम सञ्चालन गरियो भने सिगास सांस्कृतिक समाज सँगको सहकार्यमा बृहत देउडा प्रतियोगिता सञ्चालन गरियो भने अन्य लक्षित वर्गका सशक्तिकरण कार्यक्रम तत्काल सञ्चालन गरिने व्यहोरा यो सभालाई अवगत गराउन चाहान्छु।
- पञ्जीकरण तर्फ १४८५ ज्येष्ठ नागरिक,४०६ विधवा,३६७ अपाङ्गता भएका व्यक्ति,२०७१ क्षेत्र तोकिएका बालबालिका र ४४७ दलित बालबालिकाहरु सामाजिक सुरक्षामा आबद्धभइ सुविधा भोग गरिरहेका छन्। त्यस्तै ७४८ जन्म दर्ता,२१७ मृत्यु दर्ता,२ सम्बन्ध विच्छेद,२०६ विवाह दर्ता,२९ जना बसाईसरी आएका र २५० जना बसाईसरी गएको तथ्यांक कार्यालयको अभिलेखमा उल्लेख छ।
- न्यायिक समिति अन्तर्गत यो वर्षमा ४ ऊजुरी परेकोमा एउटा ऊजुरी फस्यौंट भएको र बाँकी न्यायिक सुनुवाईकै क्रममा रहेको,प्रत्येक वडाहरुमा मेलमिलाप समिति गठन गरिएकोले यसकार्यबाट न्यायिक निरुपणमा थप टेवा पुग्ने विश्वास लिएको छु।
- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा जनप्रतिनिधि र कर्मचारीहरुको क्षमतावृद्धि तालिम विभिन्न समयमा सञ्चालन भएकोमा यहाँको जनप्रतिनिधि र कर्मचारीको कार्यक्षमतामा पक्कै निखार आयो होला भन्ने कुरामा विश्वस्त छु।

**सभा सदस्यज्यूहरु,**

संविधान प्रदत्त अधिकारहरूको प्रयोग, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावना, सुशासन, समावेशिता र समृद्धिको मार्गचित्रलाई आत्मसात् गरी सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दैछु।

**कृषि तथा पशुपालन क्षेत्रः**

१. कृषि प्रणालीलाई जलवायु अनुकूल र प्रविधि मैत्री बनाइनेछ।

CamScanner

२. कृषक दर्ता र परिचयपत्र प्रणालीलाई अनिवार्य र व्यवस्थित बनाइनेछ। उत्कृष्ट कृषकलाइ सम्मान गरिनेछ।

३. गहत,मास,भटमास,कोदो,मकै,धान उत्पादनमा विशेष जोड दिइनेछ।

४. सामूहिक कृषि फार्महरू स्थापनामा सहयोग पुऱ्याइनेछ।

५. मह तथा नगदे बाली उखु उत्पादनमा संलग्न कृषकलाई प्रोत्साहन दिइनेछ।

६. बीउ वितरण प्रणाली पारदर्शी बनाइनेछ।

७. कुटानी पिसानी लगाएतका परम्परागत प्रविधिलाई संरक्षण गरिनेछ।

८. आधुनिक सिंचाइ सुविधा विस्तार गरिनेछ।

९. तरकारी तथा फलफूल उत्पादनका लागि व्यावसायिक क्लस्टर निर्माण गरिनेछ।

१०. कृषि अनुदान वितरण प्रक्रियालाई एकीकृत र पारदर्शी बनाइनेछ।

११. पशुपालन व्यवसाय विस्तारका लागि उन्नत जातका बाखा, बोका वितरण गरिनेछ र कुखुरा तथा रैथाने पशुपालन व्यवसायीलाई प्रोत्साहन दिइनेछ।

१२. दुग्ध उत्पादन प्रवर्द्धन तथा संकलन केन्द्रहरू स्थापना गरिनेछ।

१३. सहकारी नियमन र प्रवर्धन कार्यलाई प्रभावकारी बनाइ क्रियाशील बनाइनेछ।

१४. घाँस तथा दाना बाली उत्पादन प्रवर्द्धन गरिनेछ।

१५. पशुपंक्षी स्वास्थ्य सेवा पहुँच बढाइनेछ।

**शिक्षा तथा मानव स्रोत विकासः**

१६. विद्यालयहरूमा डिजिटल शिक्षा प्रवर्द्धन गरिनेछ।

१७. MBBS अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइथप प्रभावकारी बनाइनेछ।

१८. विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरूलाई संस्थागत गरिनेछ।

१९. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति स्वरुप उपयुक्त आर्थिक सहायता उपलब्ध गराइनेछ।

२०. शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

२१. विद्यालय स्तरोन्नतिको लागि भौतिक पूर्वाधार निर्माण गरिनेछ।

२२. माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइनेछ।

२३. स्थानीय भाषा र संस्कृति अध्ययनको प्रवर्द्धन गरिनेछ।

CamScanner

२४. प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
२५. विद्यालय व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धि गरिनेछ।

**स्वास्थ्य सेवाः**

२६. आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ बनाइनेछ।
२७. आमा–शिशु स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ।
२८. स्वास्थ्य संस्थाहरूमा औषधि आपूर्ति सुनिश्चत गरिनेछ।
२९. नियमित निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
३०. सुरक्षित मातृत्व प्रवर्द्धन कार्यक्रम लागू गरिनेछ।
३१. अपांगता भएका व्यक्तिहरूका लागि स्वास्थ्य सेवा सहज बनाइनेछ।
३२. किशोरी स्वास्थ्य सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
३३. मानसिक स्वास्थ्य तथा परामर्श सेवा विस्तार गरिनेछ।
३४. स्थानीय तहस्तरमा एम्बुलेन्स सेवा विस्तार गरिनेछ।
३५. पोषण सुधार कार्यक्रमलाई बलियो बनाइनेछ र पालिकालाई पूर्ण खोप युक्त बनाइनेछ।

**पूर्वाधार विकासः**

३६. ग्रामीण सडक सञ्जाल अन्तर्गत अपूरा सडकहरुलाइ गन्तव्यमा पुर्याइनेछ।
३७. मुख्य सडक श्रीभावर-दोगाड-लेक-गर्जेलाई कालोपत्रे बनाउन सम्झौता भैसकेकोमा सो कार्य यथाशीघ्र सञ्चालनका लागी सम्बन्धित पक्ष संग आवश्यक पहल गरिनेछ।
३८. कुर्चिनेटा-गर्जे जडीबुटी मार्गलाई स्तरोन्नति सहित ट्र्याक खोल्नेकार्यमा सहजीकरण गरिदिन सम्बन्धित मन्त्रालय संग समन्वय गरिनेछ। साथै गर्जे-काँठा सडकलाई शीघ्र गन्तव्यमा सम्बन्धित निकाय सित पहल गरिनेछ।
३९. ओखलसैनी खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
४०. गाँजरी-दुदिलाखान सडक कालोपत्रे गर्न प्रदेशसरकार सँग समन्वयम गरिनेछ। पालिका अन्तर्गतका कच्ची सडक स्तरोन्नति र नियमित सफाइ गरिनेछ।
४१. खानेपानी योजनाहरूमा गुणस्तर सुधार गरिनेछ।
४२. सौर्य तथा वैकल्पिक ऊर्जाको प्रयोग प्रवर्द्धन गरिनेछ।

CamScanner

४३. लघु जलविद्युत् आयोजनामा स्थानीय सहभागिता प्रोत्साहन गरिनेछ। पालिकाका सम्पूर्ण वडाहरुलाई विद्युतको राष्ट्रिय प्रशारण सित आवद्ध गरिनेछ।

४४. विद्यालय भवन,बर्थिङ सेन्टर निर्माण कार्य निरन्तरता दिइनेछ।

४५. सामुदायिक भवन र सार्वजनिक शौचालय निर्माण गरिनेछ।

**रोजगारी र उद्यमशीलताः**

४६. बेरोजगार युवाहरूका लागि सीप विकास तालिम सञ्चालन गरिनेछ।

४७. स्वरोजगार सृजनाका लागि अनुदान कार्यक्रम ल्याइनेछ।

४८. वैदेशिक रोजगारी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

४९. महिला उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

५०. अल्लो प्रशोधन सीप विकास अभिवृद्धि गरी स्थानीय स्तरमै कपडा उत्पादन गरिनेछ।

५१. स्थानीय उत्पादनको बजारीकरणका लागि सहजीकरण गरिनेछ।

५२. हस्तकला, बुनाइ र स्थानीय कुटिर उद्योग प्रवर्द्धन गरिनेछ।

५३. सामूहिक उद्यमशीलता विकासमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५४. प्रधानमन्त्री रोजगार कार्यक्रमा बजेट साँझेदारी गरी थप प्रभावकारी बनाइनेछ।

५५. लघु तथा घरेलु उद्योग दर्ता सहज बनाइनेछ।

**लक्षित वर्ग सशक्तिकरणः**

५६. महिला, दलित, अपांगता भएका व्यक्तिहरू र विपन्न समुदायहरूका लागि विशेष कार्यक्रम लागू गरिनेछ।

५७. सामाजिक सुरक्षा वितरणमा पारदर्शिता र नियमितता सुनिश्चित गर्न EFT द्वारा भत्ता वितरण गरिनेछ र बायोमेट्रिक प्रणाली अनिवार्य गरिनेछ।

५८. वृद्धजनका लागि स्वास्थ्य चेकजाँच तथा सेवा सुविधा विस्तार गरिनेछ।

५९. बालबालिकाका लागि बाल संरक्षण कार्यक्रम सुदृढ गरिनेछ। बालबालिका सचेतना कार्यक्रमलाइ थप व्यवस्थित गर्न कार्यविधि निर्माण गरिनेछ।

६०. अपांगता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना विकास गरिनेछ।

CS CamScanner

संस्कृति, पर्यटन र वातावरण:

६१. ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण र प्रवर्द्धन कार्य अन्तर्गत सिगास धुरा मन्दिर,कालपोखरी मन्दिर,देउलेक मन्दिर लगाएतका मन्दिर निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६२. गर्जेमा सांस्कृतिक पार्क र संग्रहालय स्थापनाका लागि संघ र प्रदेश सरकार संग समन्वय गरिनेछ।

६३. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ।

६४. मौलिक संस्कृतिको अभिलेखिकरण र प्रवर्द्धन गरिनेछ।

६५. खानी तथा खनिजजन्य स्थलको संरक्षण,प्रवर्धन र नियमन गरिनेछ।

६६. सामुदायिक वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

६७. जलस्रोत संरक्षण तथा व्यवस्थापनमा स्थानीय तहलाई समेटिनेछ।

६८. हरियाली विकास अभियान सञ्चालन गरिनेछ। जडीबुटी संकलन तथा संरक्षण कार्यलाई व्यवस्थित गरिनेछ।

६९. विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापन योजना बनाइनेछ। विभिन्न प्राकृतिक प्रकोपबाट पीडित भएका र बिरामी भै उपचार गर्न असमर्थ नागरिकलाई राहत उपलब्ध गराइनेछ।

७०. वातावरणीय सरसफाइ र फोहोर व्यवस्थापन कार्यक्रम विस्तार गरिनेछ।

**सुशासन र प्रशासन:**

७१. सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ।

७२. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र सहजता सुनिश्चित गरिनेछ।

७३. नागरिक बडापत्र प्रभावकारी कार्यान्वयन गरिनेछ।

७४. गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ।

७५. अनुगमन र मूल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ।

७६. बजेट तथा योजना पारदर्शी ढंगले सञ्चालन गरिनेछ।

७७. गाउँपालिकाभित्र E-Governance प्रणाली विस्तार गरिनेछ।

७८. कार्यालय व्यवस्थापन र सेवासुविधा सुधार गरिनेछ।

७९. जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम आयोजना गरिनेछ। अन्तरपालिका सिकाई आदानप्रदान,आन्तरिक पर्यटन प्रवर्धनका लागि भ्रमण एवं रिफ्रेसमेन्ट कार्यक्रम लागु गरिनेछ।

८०. भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गरिनेछ।

**न्यायिक सेवाः**

८१. न्यायिक समितिको संरचनात्मक सुदृढीकरण गरिनेछ।

८२. विवाद समाधान तथा मेलमिलाप कार्यक्रम सञ्चालन गरिनेछ। न्याय सम्पादन कार्यमा संलग्न जनप्रतिनिधि,कर्मचारी र मेलमिलापकर्तालाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

८३. न्यायमा पहुँच सुनिश्चित गर्न तालिम र जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

८४. महिला तथा बालबालिकामा मैत्री न्याय सेवा प्रवर्द्धन गरिनेछ।

८५. वैकल्पिक विवाद समाधान प्रणालीलाई संस्थागत गरिनेछ।

**अन्य कार्यक्रमहरू:**

८६. विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ।

८७. जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ।

८८. प्रवासी नेपालीहरूसँग सहकार्य गरिनेछ।

८९. कृषक समूह र उपभोक्ता समिति सशक्तीकरण गरिनेछ।

९०. स्थानीय कला र संस्कृतिलाई प्रवर्द्धन गरिनेछ।

९१. गरिबी न्यूनीकरण कार्यक्रम लागू गरिनेछ।

९२. जनस्वास्थ्य प्रवर्द्धनका लागि सचेतना अभियान सञ्चालन गरिनेछ।

९३. लैङ्गिक समानता प्रवर्द्धन कार्यक्रम विस्तार गरिनेछ।

९४. बाल श्रम न्यूनीकरण कार्यक्रम लागू गरिनेछ।

९५. नवप्रवर्तनशील परियोजनाहरूका लागि परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९६. अपाङ्गता परिचयपत्र वितरणलाई व्यवस्थित गरिनेछ।

९७. मेला महोत्सव र सांस्कृतिक प्रदर्शनीको आयोजना गरिनेछ।

९८. श्रम शक्ति तथ्यांक संकलन गरिनेछ।

९९. वित्तीय सुशासन प्रवर्द्धन कार्यक्रम लागू गरिनेछ।

१००. नवप्रवर्तनशील युवाहरूलाई प्रोत्साहन गरिनेछ।

१०१. बालबालिकाका लागि पुस्तकालय स्थापना गरिनेछ।

१०२. स्वच्छता र जलमूल्यको संरक्षणमा सामूहिक अभियान गरिनेछ।

१०३. प्राकृतिक स्रोतको दिगो उपयोगमा नीति निर्माण गरिनेछ।

CS CamScanner

१०४. विपद् पीडितहरूको पुन:स्थापना तथा पुनर्निर्माणमा प्राथमिकता दिइनेछ।

१०५. भूमिहीन दलित,सुकुम्बासी र अव्यवस्थित बसोबास व्यवस्थापन सम्बन्धमा सम्बन्धित निकाय सँग समन्वय गरिनेछ।

१०६.पालिकाभित्रका सम्पूर्ण शक्तिपिठहरुमा हुने धार्मिक गतिविधिलाई नियमन गर्न उचित कार्यविधि तयार गरि थप व्यवस्थित गरिनेछ।

१०७. समृद्ध र आत्मनिर्भर सिगास निर्माणमा सबैको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

अन्तमा,स्थानीय सरकारले निर्धारण गरेका लक्ष्य प्राप्तिका लागि निरन्तर सहकार्य,समन्वय तथा सहयोग गरी बजेट व्यवस्थापनमा साथ दिने नेपाल सरकार,सुदूरपश्चिम प्रदेश सरकार,यस क्षेत्रबाट निर्वाचित भइ संघीय सरकार र प्रदेश सरकारमा प्रतिनिधित्त्व गर्नुहुने माननीय मन्त्रीज्यू प्रति विशेष आभार प्रकट चाहान्छु। नीति तथा कार्यक्रम तयारमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी वर्गलाई धन्यवाद ज्ञापन गर्दै,यसको पूर्ण एवं सफल कार्यान्वयनमा सहयोग गर्न सम्बद्ध सबै पक्षलाई हार्दिक अनुरोध गर्दछु।

जय सिगास!

जय नेपाल!

CamScanner